नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०,४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- १०३

मितिः- २०७७/६/२२

विषयः- वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्ने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

महालेखा नियन्त्रक कार्यालयको च.नं. ०६ मिति २०७७/०६/२१ को पत्रबाट स्थानीय तहहरुलाई संघीय सरकारबाट भएको वित्तीय हस्तान्तरण (अनुदान) मध्ये आ.व. २०७६/७७ मा खर्च नभई बाँकी रहेको रकम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत (को.ले.नि.का. को कार्यालय कोडमा राजश्व खातामा राजश्व शिर्षक नं. १५११३ अनुदान फिर्तामा रकम जम्मा हुने व्यवस्था मिलाई २०७७ आश्विन मसान्त भित्र संघीय संञ्चित कोषमा अनिवार्य रुपमा फिर्ता हुने व्यवस्था मिलाउने गरी आवश्यक निर्देशन हुन भनि लेखी आएको हुँदा उक्त पत्र संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

२०७७/०६/२२

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

बोधार्थः-

श्री महालेखा नियन्त्रक कार्यालय,
प्रणाली विकास अभिलेख तथा समन्वय शाखा,
अनामनगर, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको website मा राखिदिनु हुन ।

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office
(प्रणाली विकास अभिलेख तथा समन्वय शाखा)

ले. उप. श्री उपसचिव ज्यु परिपत्र गर्नु । २०७७/०६/२९

प.सं.: प्रविअस/२०७७/७८
च.नं. : ७६

मिति: २०७७/०६/२१

विषय: <u>वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्ने सम्बन्धमा ।</u>

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

प्रस्तुत विषयमा आ.ब.२०७६/७७ मा स्थानीय तहहरुलाई संघीय सरकारबाट भएको वित्तीय हस्तान्तरण (अनुदान) मध्ये तहाँ जिल्लास्थित स्थानीय तहहरुबाट आ.ब.२०७६/७७ मा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहसँग समन्वय तथा एकीन गरी तपसिल बमोजिमको विवरण (ईमेल: sdrc@fcgo.gov.np मार्फत) उपलब्ध गराईदिनु हुन तथा *फिर्ता गर्नुपर्ने रकम फिर्ता नभएको भए विनियोजन ऐन २०७७ को दफा ४ को उपदफा (१२) र (१३) बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत (को.ले.नि.का.को कार्यालय कोडमा राजश्व खातामा राजश्व शीर्षक नं.१५११३-अनुदान फिर्ता मा रकम जम्मा हुने व्यवस्था मिलाई) २०७७ आश्विन मसान्तभित्र संघीय संचित कोषमा अनिवार्य रुपमा फिर्ता हुने व्यवस्था मिलाउनु हुन अन्यथा आ.ब.२०७७/७८ मा आगामी किस्तामा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नुहुन* समेत अनुरोध छ ।

<u>विवरण</u>

| सि. नं. | स्थानीय तहको नाम | सशर्त अनुदान | | | समपुरक अनुदान | | | विशेष अनुदान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हस्तान्तरित रकम (कोलेनिका बाट भएको निकासा) | स्थानीय तहले गरेको वास्तविक खर्च | खर्च नभई बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम | हस्तान्तरित रकम (कोलेनिका बाट भएको निकासा) | स्थानीय तहले गरेको वास्तविक खर्च | खर्च नभई बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम | हस्तान्तरित रकम (कोलेनिका बाट भएको निकासा) | स्थानीय तहले गरेको वास्तविक खर्च | खर्च नभई बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ... | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

<u>बोधार्थ</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं : सबै स्थानीय तहहरुलाई आवश्यक निर्देशन दिने व्यवस्थाका लागि अनुरोध छ।

२०७७।६।२१

(भेष प्रसाद भुर्तेल)